# पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन २०७५ मा गरिएका संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धी तालिकाको विवरण ।

| सि.न. | निर्देशन नं. | हालको व्यबस्था | संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| १. | २ को बुँदा नं.५मा संशोधन | **आवधिक कर्जा सम्बन्धी व्यवस्था** किस्तावन्दीमा प्रवाह गरिएका आवधिक कर्जाहरु (Term Loan) को हकमा **साँवाको किस्ताले भाखा नाघेमा सम्पूर्ण वक्यौता कर्जा रकमलाई नै किस्ता रकमको भाखा नाघेको अवधिको आधारमा वर्गीकरण गर्नु पर्नेछ ।** | **बुँदा नं.५**<br>**आवधिक कर्जा सम्बन्धी व्यवस्थाः**<br>पूर्वाधार निर्माण परियोजनामा प्रदान गरिएको आवधिक कर्जाको हकमा कुनै किस्ताले ९० दिनभन्दा बढीले भाखा नाघेमा **त्यस्तो किस्ता रकमलाई मात्र खराव वर्गमा वर्गीकरण गरी किस्ताको शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।** |
| १. | २ को बुँदा नं. ६ मा संशोधन | **नभएको** | **बुँदा नं. ६ः**<br>**अल्पकालीन तथा चालु पूँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्था :**<br>पूर्वाधार विकास बैंकले आफ्ना ग्राहकहरुका लागि लगानी गर्ने परियोजनाहरुको संचालनको सन्दर्भमा आवश्यक हुने अल्पकालीन तथा चालु पूँजी प्रकृतिका कर्जा देहायको शर्तमा प्रवाह गर्न सक्नेछन् ।<br>१. परियोजनाको अनुमानित लागत शुरुमै विश्लेषण गरी आबधिक कर्जा र चालु पूँजी प्रकृतिका कर्जाको आवश्यकता र सीमा एकिन भएको हुनुपर्ने छ ।<br>२. निर्धारित सीमाको हदसम्म मात्र यस्तो चालु पूँजी प्रकृतिको कर्जा प्रवाह गर्न सकिने छ ।<br>३. आफुले लगानी गरेको परियोजनाहरुको लागि आवश्यक पर्ने मालसामान, उपकरण इत्यादि प्रतीतपत्र (Letter of Credit) मार्फत आयात गर्न परियोजना कर्जाको स्वीकृत सीमाभित्र रही अल्पकालीन प्रकृतिका कर्जाहरु प्रवाह गर्न सक्नेछन् । |
| ३. | **२.१० मा संशोधन** | पूर्वाधार विकास बैंकहरुले एक आपसमा मात्र Credit Sale /Purchase/Re-purchase तथा Takeover गर्न सक्नेछन । | **बुँदा नं १०**<br>पूर्वाधार विकास बैंकहरुले एक आपसमा मात्र Credit Sale /Purchase/Re-purchase तथा Takeover गर्न सक्नेछन ।<br>तर, यस बैंकले तोकेको पुँजीकोष पर्याप्त भएका पूर्वाधार विकास बैंकले ईजाजतपत्रप्राप्त “क” बर्गका |

| | | | |
|---|---|---|---|
| | | | बैंकहरुले प्रवाह गरेका पूर्वाधार सम्बन्धित परियोजनाहरुको Credit Sale /Purchase/Re-purchase तथा Takeover पुर्वाधार विकास बैंकलाई तोकिएका अन्य शर्त लगायत देहायका शर्तको अधीनमा रही गर्न सक्नेछन् ।<br>१. पूर्वाधारसँग सम्बन्धित न्यूनतम रु.३० करोड भन्दा बढीको कर्जा हुनु पर्ने ।<br>२. पूर्वाधार विकास बैंकको आफ्नो अघिल्लो त्रयमासमा कायम रहेको कुल कर्जा सिमाको अधिकतम एक तिहाइ मात्र Credit Sale/Purchase/Re-purchase तथा Takeover गर्न सकिने ।<br>३. Credit Sale /Purchase/Re-purchase तथा Takeover गरी लिने ⁄ दिने सम्बन्धमा पूर्वाधार विकास बैंकको आफ्नो कर्जा नीतिमा स्पष्ट व्यवस्था गर्नु पर्नेछ । अन्यथा त्यस्तो कारोबार गर्न पाइने छैन ।<br>४. आर्थिक वर्षको अन्तिम महिनामा Credit Sale/Purchase/Re-purchase तथा Takeover सम्बन्धी कार्य गर्न पाईने छैन ।<br>५. कर्जा खरिद (Credit Purchase) गर्दा सो कर्जा ग्राहकबाट असुलउपर गर्न सक्ने अधिकार बैंकले लिनु पर्नेछ । सो कार्यको लागि सम्बन्धित ग्राहकको सहमति समेत लिनु पर्नेछ ।<br>६. कर्जाको शर्त र अवस्थाको विस्तृत विवरण लिएर मात्र कर्जा खरिद गर्नु पर्नेछ ।<br>७. कर्जा खरिद गरी लिने पूर्वाधार विकास बैंकले सम्बन्धित ऋणीले कर्जा लिएको मिति, कर्जाको किसिम, भुक्तानी अवस्था, विगतको कर्जा कारोबारको अवस्था, जमानतकर्ताको हैसियत, कर्जा वर्गीकरणको स्थिति आदि विवरणहरु लिखित रुपमा लिनु पर्नेछ ।<br>८. कर्जा खरिद गर्ने पूर्वाधार विकास बैंकले कर्जा वर्गीकरणको विद्यमान व्यवस्था तथा कर्जा नोक्सानी व्यवस्था बमोजिमको कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।<br>९. कर्जा खरिद गरी लिंदा यस्तो कर्जा सुरक्षित रहेको तथा संस्थालाई फाइदाजनक भए ⁄ नभएको बारे यकिन हुने आधार खुल्ने कागजातहरु सम्बन्धित कर्जा फाइलमा |

| | | | |
|---|---|---|---|
| | | | अद्यावधिक गर्नु पर्नेछ । <br>१०. Credit Sale /Purchase/Re-purchase तथा Takeover कारोबारको अर्धवार्षिक विवरण अर्धवार्षिक अवधि समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । <br>११. पूर्वाधार विकास बैंकहरुले यसरी कर्जा खरिद ⁄ बिक्री (Purchase and Sale) गर्दा कथंकदाचित खरिदकर्ता संस्थाले कर्जा उठाउन नसकेमा सो कर्जा पुनः आफैँले खरिद गर्ने (Credit Repurchase) शर्त रहेको अवस्थामा बिक्रीकर्ता संस्थाले त्यस्तो कर्जा Repurchase नगरुञ्जेल Contingent Liability को रुपमा आफ्नो वित्तीय विवरणको सम्भावित दायित्व र लेखा सम्बन्धी टिप्पणीको अनुसूचीमा देखाउनुपर्ने र यस्तो Contingent Liability लाई पुँजीकोष गणना गर्ने प्रयोजनको लागि १०० प्रतिशत मात्र जोखिम भार प्रदान गर्नु पर्नेछ । <br>१२. पूर्वाधार विकास बैंकले कारोवार शुरु गरेको २ वर्षपछि यस किसिमको Credit Sale / Purchase/Re-purchase तथा Takeover सम्बन्धी व्यवस्था स्वतः निष्क्रिय हुने । |
| ४. | **निर्देशन नं. ११.१० (ग) मा संशोधन** | **अगुवा संस्थाको काम, कर्तव्य र अधिकार** <br>सह-वित्तीयकरण समुहको बैठक **कम्तीमा चार महिनामा एक पटक** अनिवार्य रुपमा बोलाउने । | **बुँदा नं १० (ग)** <br>**अगुवा संस्थाको काम, कर्तव्य र अधिकार** <br>सह-वित्तीयकरण समुहको बैठक **कम्तीमा ६ महिनामा एक पटक** अनिवार्य रुपमा बोलाउने । |
| **५** | निर्देशन नं. १६ <br>१. निक्षेप संकलन सम्वन्धी व्यवस्था : को बुँदा नं.(ग) मा संशोधन | (ग) संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोबार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन । <br><br>तर संस्था स्थापना भएको बढीमा १ वर्षसम्म पूर्वाधार विकास बैंकको संस्थापक | (ग) संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोबार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन । <br><br>तर, **संस्थाको कारोबार सञ्चालन भएको मितिले** बढीमा २ वर्षसम्म पूर्वाधार विकास बैंकको संस्थापक लगानीकर्ता नरहेको वाणिज्य बैंकहरुमा ब्याज प्राप्त हुने गरी **प्रत्येक बैंकमा बढीमा १ अर्बको सीमामा नबढ्ने गरी निक्षेप जम्मा गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन । त्यस्तो निक्षेपबाट प्राप्त ब्याज आम्दानीबाट कर्मचारीलाई बोनस बाँड्न** |

| | | | |
|---|---|---|---|
| | | लगानीकर्ता नरहेको वाणिज्य बैंकहरुमध्येबाट बढीमा रु. १ अर्बसम्म अन्य वाणिज्य बैंकहरुमा मात्र खाता खोली मुद्दती निक्षेप जम्मा गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन । | **पाइने छैन ।** |